## नेपाल सरकार
# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

*मिति: २०६६।११।१९*

थाइल्याण्डमा यही ४-५ मार्च, २०१० तद्नुसार २०६६ फाल्गुण २०-२१ गते बिम्स्टेक सदस्य राष्ट्रहरुको ऊर्जा मन्त्रीस्तरीय दोस्रो बैठकमा भाग लिन माननीय ऊर्जा मन्त्री डा. प्रकाश शरण महतज्यूको नेतृत्वमा ऊर्जा मन्त्रालयका सचिव श्री शंकर प्रसाद कोइराला, थाइल्याण्डका लागि नेपाली राजदूतज्यू, परराष्ट्र मन्त्रालयका प्रतिनिधि र जल तथा ऊर्जा आयोगका विम्स्टेक फोकल प्वाइन्ट सिनियर डिभिजनल इन्जिनियर श्री सञ्जय ढुङ्गेल सम्मिलित पाँच सदस्यीय प्रतिनिधिमण्डल आज मिति २०६६।११।१९ गते थाइल्याण्डको राजधानी बैंकक प्रस्थान गर्‍यो । ऊर्जा मन्त्रीस्तरीय बैठकको तयारीका सिलसिलामा यही ४ मार्च, २०१० तद्नुसार २०६६ फाल्गुण २० गते सिनियर अफिसियल बैठक पनि आयोजना हुने र सो बैठकको नेतृत्व ऊर्जा मन्त्रालयका सचिव श्री शंकर प्रसाद कोइरालाज्यूले गर्नु हुनेछ । BIMSTEC (बिम्स्टेक) सदस्य राष्ट्रहरुबीच ऊर्जा क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग आदान-प्रदान गरी ऊर्जा क्षेत्रको विकास एवं व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ सदस्य राष्ट्रहरुबीच मन्त्रीस्तरीय बैठक हुने गरेको छ । यस अघि ४ अक्टोवर, २००५ मा भारतको नयाँ दिल्लीमा ऊर्जा मन्त्रीस्तरीय पहिलो बैठक सम्पन्न भई कार्ययोजनाहरु पनि पारित गरिएको थियो । बैठकमा यी कार्ययोजनाहरुको कार्यान्वयन सम्बन्धमा तथा आगामी कार्ययोजनाहरु तर्जुमा गर्ने तथा बिम्स्टेक सदस्य राष्ट्रहरुबीच ऊर्जा क्षेत्रलाई समन्वय, सहजीकरण तथा सुदृढीकरण गर्न बिम्स्टेक इनर्जी सेन्टर स्थापनाको मेमोर्‍याण्डम अफ एशोसिएसनमा पनि हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ ।

**(अनुप कुमार उपाध्याय)**
सहसचिव एवम् प्रवक्ता

*यो प्रेस विज्ञप्ति यस मन्त्रालयको वेबसाइट www.moen.gov.np मा पनि राखिएको छ ।*